कार्यपालिकाको बाइसौं बैठक//स्थान : अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल चैत्र महिनाको २७ गते सोमबार

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर खत्री, सूचना अधिकारी

श्री सागर पौडेल, लेखापाल

प्रस्तावहरु:

१. निर्माणाधीन झोलुङ्गे पुलको म्याद थप सम्बन्धमा ।

२. अन्य सरकारी निकाय तथा संघ संस्था सहयोग सम्बन्धमा ।

३. भुक्तानी सम्बन्धमा।

४. गाउँसभा अधिवेशनको बैठक सम्बन्धमा ।

५. सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा थप माग सम्बन्धमा ।

६. फेदी गोज्जा ट्रयाकको निर्माण सम्बन्धमा ।

७. बिबिध

निर्णयः

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | मालिका गाउँपालिकाद्वारा आ.व. २०७९/८० मा निर्माणको क्रममा रहेका तपसिलका झोलुङ्गे पुलहरुको काम सम्पन्न नभएको भनी सम्बन्धित उपभोक्ता समितिहरुले म्याद थपका लागि निवेदन पेश गरेको र निर्माण सामग्रीको उपलब्धता लगायतका कारण म्याद थप गर्न मनासिब देखिएकोले दुवै झोलुङ्गे पुल उपभोक्ता समितिहरुको म्याद २०८० असार १५ सम्मको लागि थप गर्ने र बजेट सुनिश्चितताका लागि सम्बन्धित कार्यालयमा पत्राचार गर्ने ।<br>तपसिलः<br>क) छिपछिप खोला झोलुङ्गे पुल निर्माण उ.स., मालिका-४, म्याग्दी<br>ख) भति खोला झोलुङ्गे पुल उ.स., मालिका-४, म्याग्दी | |
| २. | गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न सरकारी निकाय एवम् संघ संस्थाहरुले आर्थिक सहयोगको लागि प्रस्ताव पेश गरेकोमा तपसिल बमोजिमका संस्थाहरुलाई 'अन्य संघ संस्था सहयोग' शीर्षकबाट सहयोग रकम उपलब्ध गराउने ।<br>तपसिलः<br>१. जिल्ला प्रशासन कार्यालयलाई इन्धन बापत ४५,२३० (अक्षरेपि पैचालिस हजार दुइ सय तीस) ।<br>२. जिल्ला समन्वय समितिको कार्यालयले पेश गरेको सवारी साधन मर्मत बापत सृजना मोटर इन्जिनियरिङ, करदाता नं ३०१५२२८२९ को नाममा १,००,००० (एक लाख रुपैयाँ मात्र) विविध खर्च शीर्षकबाट निकासा दिने । | |

वेद प्रसाद गर्बुजा
अध्यक्ष

| | |
|---|---|
| | ३. जिल्ला अदालत, म्याग्दीले स्तनपान कक्ष व्यवस्थापनका लागि फर्निचर तथा फिक्स्चर्स सहयोग माग गरेकोले 'फर्निचर खरिद' शीर्षकबाट रु ५०,००० (पचास रुपैयाँ मात्र) बराबरको सामग्री उपलब्ध गराउने ।<br>४. नवौं खेलकुदको लागि जिल्ला खेलकुद विकास समितिलाई रु ६०,००० (अक्षरेपि: साठी हजार रुपैयाँ मात्र) अन्य संघ संस्था सहयोग शीर्षकबाट उपलब्ध गराउने । |
| ३. | क) सामाजिक विकास कार्यालयसँग लागत सहभागीतामा सञ्चालन भएको मिलन म्याग्दीद्वारा समन्वय सहजीकरण गरिएकोकक्षा ११ र १२ मा अध्ययनरत किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी ३ दिने तालिम बापत मालिका गाउँपालिकाले ९७,३५० रुपैयाँ मात्र बेहोर्ने र सो को भुक्तानी विविध खर्च शीर्षकबाट वा कार्यक्रम खर्च शीर्षकबाट मिलन म्याग्दीको नाममा दिने ।<br>ख) २०७९/०८/२३ र २४ गते सम्पन्न भएको वडा स्तरीय मैत्रीपूर्ण शिक्षक भलिबल खेलमा रु २६,००० (अक्षरेपि: छब्बीस हजार रुपैयाँ मात्र) अपुग भएको भनी शिक्षा शाखाबाट निवेदन पेश भएकोले उक्त अपुग रकम बिबिध खर्च शीर्षकबाट भुक्तानी दिने । |
| ४. | गाउँसभा अधिबेशनको बैठक २०८० बैशाखको उपयुक्त मितिदेखि बस्ने गरी अध्यक्षबाट आह्वान गर्ने । |
| ५. | सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८०/८१ देखि लागु हुने गरी कक्षा थपको निवेदन पेश भएकोमा शिक्षा शाखाबाट कक्षा थपको लागि मापदण्ड पुगेको भनी टिप्पणी पेश भएकोले तपसिलका विद्यालयलाई उल्लिखित कक्षा थप गर्न अनुमति दिने ।<br>तपसिल: |

| क्र.सं. | विद्यालयको नाम | थप्न माग गरेको कक्षा | अनुमति दिइएको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १. | फ्युचर स्टार मन्टेश्वरी, मालिका-६ | कक्षा ५ | कक्षा ५ | |
| २. | सिद्धज्योती आधारभूत विद्यालय, मालिका-३ | कक्षा २ | कक्षा २ | |
| ३. | रुम नमुना इङ्गलिस बोर्डिङ स्कुल, मालिका-२ | कक्षा ६ | कक्षा ६ | |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

...राज ... प्रमुख प्रशासकीय अधिकृत

वेग प्रसाद गर्बुजा अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. | खारा बालविकास, मालिका-७ | कक्षा १ | कक्षा १ | |

| | |
|---|---|
| ६. | दर्बाङ बजार ढलानको क्रममा दरवाङ देखि खारा तर्फ जाने बाटो अवरुद्ध भएको र निर्माण सामग्री लगायत आवागमन अवरुद्ध भएको हुँदा तत्काल डाइभर्सन निर्माण आवश्यक भएको र उक्त निर्माण कार्य बापत प्राविधिकको बिल बमोजिमको रकम गाउँसभा अधिबेशनको बैठकबाट निर्णय गरी भुक्तानी दिने । |
| ७. | क) दर्बाङ बजार ढलान अन्तर्गत जनप्रिय मा.वि. को नयाँ भवन पुग्ने बाटो ढलान गर्ने क्रममा दर्बाङ बजारमा फोहोर उठाउन नसकिएको कारण स्थानीयहरुले २०७९ माघ महिनाको फोहोरमैला महशुल मिनाहाको माग राखेको र उक्त समयमा फोहोर उठ्न नसकेको हुँदा उक्त महिनाको महशुल मिनाहा दिने र गाउँसभा अधिबेशनको बैठकबाट अनुमोदन गराउने ।<br>ख) दर्बाङ प्राथमिक स्वास्थ्य केन्द्रमा लायन्स क्लब इन्टरनेशनल बाट प्राप्त एक्स रे मेसिन जडान तथा सञ्चालन गर्न सामग्री खरिद आवश्यक भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही सामग्री खरिद गर्ने र गाउँसभाबाट बजेट विनियोजन गरी भुक्तानी दिने ।<br>ग) वडा नं ४ को कार्यालयले सिस्नेरी स्थित बाल कुमार सुनार र कृष्ण बहादुर सेन्चुरी बसोबास गरेको घर जोखिममा रहेको र भू-संरक्षण आवश्यक भएको भनी आवश्यक कदम चाल्न निवेदन पेश गरेकोले प्राबिधिकबाट अध्ययन गराई उपयुक्त व्यवस्थापन गर्ने ।<br>घ) गाउँपालिका भित्रको जग्गा बर्गीकरण गर्न सेवा परामर्श खरिद प्रक्रिया अगाडि बढाउने । |
| | |

प्रमुख प्रशासकीय अधिकृत

वेग प्रसाद गर्बुजा
अध्यक्ष